# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
# Agriculture and Forestry University
## Office of the Registrar
Rampur, Chitwan, Nepal

च.नं. : ५६६/०८१/०८२ मिति: २०८२।०२।२१

श्री विश्वविद्यालयका सम्पुर्ण संकाय/निर्देशनालय एवं निकायहरु
श्री विश्वविद्यालयका सम्पुर्ण आंगिक कलेजहरु

**विषय: पन्ध्रौ विश्वविद्यालय वार्षिक दिवश मनाउने सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा यस कृषि तथा वन विज्ञान विश्वविद्यालयको पन्ध्रौ वार्षिक दिवश २०८२ अषाढ ३ गतेलाई भव्य रुपमा मनाउन मिति २०८२ जेष्ठ २१ गते विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. पुष्कर बहादुर पालज्यूको अध्यक्षतामा बसेको पदाधिकारी एवं महाशाखा प्रमुखहरुको बैठकले निम्नानुसार कार्यक्रम गर्ने निर्णय गरेको हुँदा कार्यान्वयनका लागी आदेशानुसार अनुरोध गर्दछु ।

**छलफल तथा निर्णय:**

**१. मिति २०८२ अषाढ १ गते**

क) कृषि संकाय परिसरमा वृक्षारोपण कार्यक्रम
ख) शिक्षक, कर्मचारी बीच मैत्रीपुर्ण फुटबल प्रतियोगिता

**२. मिति २०८२ अषाढ २ गते**

क) पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकाय परिसरमा वृक्षारोपण कार्यक्रम
ख) विद्यार्थीहरु बीच कविता वाचन प्रतियोगिता

**३. मिति २०८२ अषाढ ३ गते**

क) बिहान रक्तदान कार्यक्रम
ख) बिहान ११:०० बजे देखि २:०० बजे सम्म
  अ) पूर्व पदाधिकारी सम्मान कार्यक्रम
  आ) सेवा निवृत्त शिक्षक, कर्मचारी विदाई एवं सम्मान कार्यक्रम
  इ) उत्कृष्ट शिक्षक, कर्मचारी पुरुस्कृत तथा सम्मान कार्यक्रम
  ई) मिति २०८१ चैत्र मसान्त सम्म २५ वर्ष सेवा अवधि पुरा गरेका हाल सम्म विश्वविद्यालय सेवा पदक (दिर्घ सेवा पदक) प्राप्त गर्न नसकेका विश्वविद्यालय सेवा पदकका लागी फारम भरेका शिक्षक, कर्मचारीहरुलाई विश्वविद्यालय सेवा पदक वितरण गर्ने कार्यक्रम

**४. यस विश्वविद्यालयका संकाय तथा निकायहरुले आ-आफ्नो कार्यालयमा सर-सफाई एवं अन्य थप कार्यक्रमहरु आवश्यकता अनुसार बनाई विश्वविद्यालय दिवश मनाउने**

**५. विश्वविद्यालयका सबै संकाय एवं निकायहरुमा अषाढ १ देखि ३ गते सम्म साँझ दिपावली गर्ने ।**

नोट: शिक्षक, कर्मचारीहरु बीच हुने मैत्रीपुर्ण फुटबल प्रतियोगिता, विद्यार्थीहरु बीच कविता वाचन प्रतियोगिता र रक्तदान कार्यक्रमको व्यवस्थापन विद्यार्थी कल्याण निर्देशनालय मार्फत हुनेछ ।

बुद्धिनाथ ढुङ्गाना
का.मु. प्रशासक

**सादर अवगतार्थ:**

श्रीमान् उपकुलपतिज्यू, उपकुलपतिको कार्यालय, कृ.व.वि.वि., रामपुर ।
श्रीमान् रजिष्ट्रारज्यू, रजिष्ट्रारको कार्यालय, कृ.व.वि.वि., रामपुर ।

**बोधार्थ:**

श्री आर्थिक महाशाखा, कृ.व.वि.वि., रामपुर, चितवन ।
श्री सामान्य प्रशासन महाशाखा, कृ.व.वि.वि., रामपुर, चितवन ।